# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः ८५ | निर्णय मितिः २०८१/१०/०६ |
|---|---|

**निर्णय नः ९४**

**प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस ।**

१. नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार निश्चित आधार र ढाँचा बमोजिम प्रदेश सरकार तथा स्थानीय तहलाई प्रभावको अनुपातको आधारमा आर्थिक वर्ष २०८०/०८१ मा संकलित रोयल्टी बाँडफाटको लागि आयोगले हिस्सा सिफारिस गर्न बाँकी रहेका ५ वटा हिमाल ४ वटा खानी र ९ वटा जलविद्युत आयोजनाको रोयल्टी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा अनुसूची १ मा संलग्न भए बमोजिम बाँडफाँट गर्न नेपाल सरकारलाई हिस्सा सिफारिस गर्ने।

२. निर्णय १ बमोजिमको सिफारिस कार्यान्वयन गर्न अर्थ मन्त्रालयमार्फत नेपाल सरकारलाई लेखी पठाउने।

३. अन्नपूर्ण संरक्षित क्षेत्रबाट आ.व. २०८०/०८१ मा संकलित रोयल्टी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँटको लागि आयोगबाट मिति २०८१/१/२५ मा नेपाल सरकारलाई सिफारिस गरेकोमा सो हिस्सा शंसोधन गरी अनुसूची २ बमोजिम हिस्सा बाँडफाँटको लागि अर्थ मन्त्रालय मार्फत नेपाल सरकारलाई लेखी पठाउने।

४. कालीगण्डकी जनविद्युत आयोजना (१४४) मेघावाट बाट आर्थिक वर्ष २०८०/०८१ मा संकलित रोयल्टी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँटको लागि आयोगबाट मिति २०८१/०१/२५ मा नेपाल सरकारलाई सिफारिस गरिएकोमा सो हिस्सा संशोधन गरी तयार भएको अनुसूची ३ बमोजिम हिस्सा बाँडफाँटको लागि अर्थ मन्त्रालयमार्फत नेपाल सरकारलाई लेखी पठाउने।